# रामधुनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
झुम्का, सुनसरी
कोशी प्रदेश

प.स.०८१।८२
च.नं.

मिति :२०८२।०३।०१

**बालमनोविज्ञ तथा समाजसेवी सूचीकृत हुन आउने सम्बन्धी २१ दिने सर्वजनिक सूचना प्रथम पटक प्रकाशित मिति २०८२/०३/०१ गते**

बालबालिकाको अधिकार तथा हक हितको संरक्षण र सम्मान गर्न बनेको बालवलिका सम्बन्धी ऐन,२०७५ को दफा(६२)को उपदफा(१) बमोजिम बाल मनोविज्ञ तथा समाजसेवीको सूचीकरण हुने कानूनी व्यवस्था रहेको र सोको कार्यन्वयन गर्ने गराउने व्यवस्थाका लागि बालबालिका सम्बन्धी नियमावली २०७८ को नियम ८३(२) ले व्यवस्था गरे बमोजिम तपसिलको योग्यता पूरा भएका समाजसेवी तथा बाल मनोविज्ञ लाई तोकिएको योग्यता पूरा भएको प्रमाण खुल्ने कागजातसहित यस नगरपालिकामा सूचिकृत हुनका लागि २१ दिन भित्र निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:

१. नेपाली नागरिक
२. नैतिकपतन देखिने फौजदारी अभियोग वा बालबालिका विरुद्धको कसूरमा अदालतबाट कसूरदार नठहरिएको,
३. असल चरित्र भएको,
४. समाजसेवीको रुपमा सूचिकृत हुनका लागि मान्यता प्राप्त शैक्षिक सस्थाबाट सम्बन्धित विषयमा स्नातक गरेको वा कम्तीमा प्रविणता पत्र तह वा बाह कक्षा उतिर्ण गरेको र सामाजिक कार्य सम्बन्धी विषयमा कम्तीमा १ महिनाको तालिम प्राप्तठ गरेको,
५. बालमनोविज्ञको रुपमा सूचीकृत हुनका लागि मान्यता प्राप्त शैक्षिक सस्थाबाट मनोबिज्ञान वा सम्बन्धित विषयमा स्नातक गरेको वा कम्तीमा प्रविणता प्रमाणपत्र तह वा बाह्र कक्षा उतिर्ण गरि मान्यता प्राप्त निकाय वा तालिम प्रदायक सस्थाबाट बालमनोविज्ञान सम्बन्धमा कम्तीमा एक महिनाको तालिम प्राप्त गरेको।

..............................
प्रमोद कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत
रामधुनी नगरपालिका